# प्रदेश राजपत्र

प्रदेश नं. २, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड३ )जनकपुरधाम,नेपाल, असार १६गते,२०७७ साल(अतिरिक्ताङ्क ५

भाग २

प्रदेश सरकार

आन्तरिक मामिला तथा कानून मन्त्रालय

## दुर्व्यसनमुक्त यूवा अभियान संचालन निर्देशिका, २०७७

प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ को उपदफा (१)ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले यो निर्देशिका बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस निर्देशिकाको नाम "दुर्व्यसन मुक्त युवा अभियान संचालन निर्देशिका, २०७७"रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः-

(क) "अभियान" भन्नाले दुर्व्यसन मुक्त युवा अभियानलाई सम्झनु पर्छ ।

(ख) "कार्यकारी समिति" भन्नाले दफा ७ बमोजिमको समिति सम्झनु पर्छ ।

(ग) "प्रदेश" भन्नाले प्रदेश नं. दुई सम्झनु पर्छ ।

(घ) "मन्त्रालय" भन्नाले प्रदेशको आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ ।

(ङ) "दुर्व्यसन" भन्नाले मदिरा, लागू औषध र मनोद्विपक पदार्थको लतमा परेका प्रयोगकर्ता सम्झनु पर्छ ।

(च) "निर्देशक समिति" भन्नाले दफा ५ बमोजिमको समिति सम्झनु पर्छ ।

(छ) "लक्षित वर्ग" भन्नाले लागु पदार्थको दुर्व्यसनबाट प्रभावित भएका वा हुन सक्ने जोखिम उन्मूख यूवालाई सम्झनु पर्छ ।

३. **<u>कार्यक्रमहरु सञ्चालन गर्ने:</u>**(१) मन्त्रालयले प्राप्त भएको अख्तियारीको अधिनमा रही देहायका प्रवर्धनात्मक कार्यक्रमहरु सञ्चालन गर्ने वा गराउन सक्नेछः-

(क) लागु पदार्थ दुर्व्यसन विरुद्धको सचेतनामूलक सामाग्री उत्पादन र वितरण गर्ने,

(ख) सञ्चार माध्यमहरुबाट जनहितमा जारी हुने सन्देशहरुको उत्पादन प्रकाशन र प्रसारण गर्ने,

(ग) विद्यालयस्तरीय क्लब, बालक्लब, युवा क्लब, यूवा समुहहरुको गठन र मौजुदा समुहहरुको क्षमता विकास र अभिमुखिकरण तालिम मार्फत दुर्व्यसन विरुद्धको कार्यक्रम गर्ने,

(घ) लागू औषध दुर्व्यसनलाई निस्तेज पार्नको लागि सचेतनामूलक लघु चलचित्र, वृत चित्र, रेडियो नाटक, सडक नाटक, होर्डिङ बोर्ड, डिजिटल बोर्ड, डिस्प्ले बोर्ड, छलफल, अन्तरक्रिया, भिडियोप्रदर्शन, विधुतीय सञ्चार माध्यमको प्रयोग मार्फत यूवा वर्गमा संदेश प्रवाह, प्रर्दशनी र मेला, स्टेज कार्यक्रम (गित, संगित, नृत्य), खेलकुद लगायतका कार्यक्रमहरु विद्यालय,सार्वजनिक स्थल, समुदायहरुमा गर्ने, गराउने।

(ङ) लागू औषाधको प्रयोग र ओसार प्रसार र प्रयोगमा संलग्न रहेको वा सम्भावित घटनाको पूर्व सूचना दिने व्यक्ति वा निकायहरुलाईपुरस्कृत गर्ने। त्यस्ता घटनाको सूचना दिने व्यक्तिको घटनाको प्रकृति र गम्भीरता हेरी गोपनियता कायम गर्ने, गराउने।

(च) सरोकारवालासँगको समन्वयमा दुर्व्यसनमुक्त स्थानीय तह तथा प्रदेश

घोषणा गर्ने सूचकांकहरुको निर्माण गर्ने, गराउने ।

(छ) सूचकांकहरुको अधारमा दुर्व्यसनमुक्त स्थानीय तह तथा प्रदेश धोषणा गर्ने कार्यलाई अभियानको रुपमा अगाडि बढाउने ।

(ज) दुर्व्यसनमुक्त युवा अभियान प्रदेशभर संचालन गर्न आवश्यक सामाजिक परिचालकहरुलाई प्रशिक्षक प्रशिक्षण तालिम (टि.ओ.टि.) प्रदान गरी परिचालन गर्ने र त्यस्ता तालिम सचालन गर्न तालिम मैनुअलतयार गर्ने ,

(झ) विद्यालय पाठ्यक्रममा दुर्व्यसनको मानव जिवनमा पर्ने नकारात्मक असर र प्रभाव सगं सम्बन्धी विषयहरु समावेश गर्न गराउन सम्बन्धित निकाय सँग समन्वय गर्ने,

(ञ) मदिरा, लागु औषधको दुर्व्यसन विरुद्धको जनचेतनामुलक, निरोधात्मक तथा उपचारात्मक कार्यक्रम सञ्चालन गर्ने, गराउने ।

(ट) प्रदेशलाई दुर्व्यसनमुक्त गर्न रणनीतिक योजना तर्जुमा र कार्यान्वयन गर्ने गराउने ।

(२) मन्त्रालयले यूवाहरुमा दुर्व्यसनको सम्भाव्यता, सघनता र प्रभावका आधारमा देहायका निरोधात्मक कार्यहरु सञ्चालन गर्नेछः-

(क) यूवा पुस्तालाई धुम्रपान, मदिरा र लागू औषधको कुलतबाट जोगाउन आवश्यक प्रादेश कानून र मापदण्ड तर्जुमा गर्न र आवश्यकता अनुसार कानूनमा परिमार्जन गरी प्रभावकारी कार्यान्वयन गर्न पहल गर्ने।

(ख) सरकारी तथा गैरसरकारी क्षेत्रसँग सहकार्य गरी स्थानीय तहको समन्वयमा जोखिममा रहेका वर्ग समुदाय र क्षेत्रहरुको पहिचान गरी लक्षित वर्ग समुदाय र क्षेत्रमा प्रर्वधनात्मक कार्यसंगै क्षमता विकासका कार्यक्रम संचालन गर्ने गराउने ।

(ग) दुर्व्यसनमा परेका यूवाहरुलाई विभिन्न संघ संस्थाहरुको समन्वयमा परामर्श सेवाको व्यवस्था मिलाउने ।

(घ) स्थानीय तहको समन्वयमा जनचेतना अभिवृद्धिका लागि आवश्यक कार्यक्रमहरु गर्ने,गराउने ।

(ङ) मदिरा, लागूऔषध र मनोद्विपक पदार्थको सेवनले निम्त्याउने सबै प्रकारका घटना शिघ्र दर्ता गर्ने

मोवाइल एप्लीकेशनको उपयोगमा जोड दिने व्यवस्था मिलाउने ।

(च) प्रदेश र स्थानीय तहका विकास प्रक्रियामा युवाको सहभागिताका साथै प्रतिफलमा सारभूत प्रतिनिधित्व सुनिश्चित हुने वातावरण तयार गर्न स्थानीय तहहरुसंग समन्वय र सहकार्य गर्ने ।

(छ) नागरिक प्रहरी साझेदारीमा विभिन्न कार्यक्रमहरु संचालन गर्न सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्ने ।

(३) मन्त्रालयले मदिरा, लागू औषध र मनोदिपक पदार्थको दुर्व्यसनमा परेका यूवाहरुको उपचारात्मक तथा संरक्षणात्मक आवश्यकतालाई सम्बोधन गर्न देहायका कार्यहरु सम्पादन गर्नेछः-

(क) मदिरा, लागू औषध र मनोदिपक पदार्थको प्रयोगकर्ताहरु र सम्बन्धीत अभिभावकहरुलाई परामर्श सेवा उपलब्ध गराउन प्रत्येक जिल्लामा प्रदेश प्रहरी वा जिल्ला प्रहरी कार्यालयहरुको समन्वयमा कम्तिमा एक परामर्श केन्द्रको स्थापना र संचालन गर्ने।

(ख) लागू औषाधको कुलतमा परेका यूवालाई उपचार पश्च्यात समाजमा पुर्नस्थापना गर्न प्रदेशमा कम्तिमा

एक आवश्यक सेवा सहितको पुर्नस्थापना केन्द्र स्थापना गर्ने ।

(ग) दुर्व्यसनमा परेका युवाहरुलाई उपचार पश्च्यात समाजमा पुर्नस्थापना गर्न सीप मूलक तालिम कार्यक्रमहरु सरोकारवाला निकायहरु संगको समन्वयमा गर्ने गराउने ।

४. **कार्यक्रम संचालन सम्बन्धी व्यवस्था:**(१) मन्त्रालयलेआफैं वा देहाय बमोजिम गर्ने गरी कार्यक्रम सञ्चालन गर्ने सक्नेछः-

क) स्थानीय तह तथा संघीय सरकारी निकायसँग समन्वय र सहकार्य गरी,

ख) नीजि क्षेत्र, सहकारी क्षेत्र, गैर सरकारी क्षेत्रसँग सहकार्यमा वा सम्झौता गरी,

ग) प्रदेश मन्त्रालयहरुसँग समन्वय गरी माताहतका निकायद्वारा कार्यान्वयन गराउने गरी ।

घ) मन्त्रालयले स्थानीय तहलाई सहयोग प्रदान गर्ने गरी सम्झौता गरी ।

(२) मन्त्रालयले कार्यक्रम संचालन गर्न निजी क्षेत्र सहकारी र अन्य गैर सरकारी क्षेत्रसँग सम्बन्धित संस्था छनौट गर्नु परेमा प्रतिस्पर्धात्मक रुपले छनौट गर्नेछ ।

(३) यस निर्देशिका बमोजिम संचालित कार्यक्रमहरुको अनुगमन मूल्याङ्कन मन्त्रालयले तोकेको प्रतिनिधिले निरन्तर रुपमा गर्नु पर्नेछ ।

(४) प्रदेश सरकारबाट प्राप्त अनुदान वा आपसी सम्झौतामा कार्य गर्ने निकाय वा संस्थाले कार्यक्रम संचालन गर्न देहाय बमोजिम गर्नु पर्नेछः-

(क) कानूनी रुपमा दर्ता रहेका संघ संस्थाले कार्यक्रम संचालन गर्न कार्यक्रम बनाई मन्त्रालयमा पेश गर्ने र मन्त्रालयले प्रचलित कानून अनुसार स्वीकृत गरी संस्थासंग सम्झौता गरी कार्यान्वयन गर्ने गराउने ।

(ख) मन्त्रालयसंग सम्झौता गर्ने संघ संस्थाले वित्तिय एवं भौतिक प्रगतिको विवरण सम्झौता बमोजिम मन्त्रालयलाई दिने ।

(ग) तालिम गोष्ठि, सेमिनार, जनचेतना मूलक प्रकृतिका कार्यहरुको सञ्चालन प्रदेश सरकारको खर्च मापदण्ड निर्देशिका बमोजिम तोकिएको शिर्षक/उपशिर्षक र रकमको सिमा भित्र रही गर्ने ।

(घ) कुनै निकाय/संस्थाले यस अभियानलाई सहयोग हुने प्रयोजनले आफ्नै लगानीमा भौतिक सामाग्री वा निर्माण कार्य सम्पन्न गरी मन्त्रालयलाई हस्तान्तरण गर्ने।

५. <u>निर्देशक समितिः</u>(१) अभियानको संचालन, व्यवस्थापन, समन्वय र नियन्त्रण गर्न देहाय बमोजिमको निर्देशक समिति रहेनछः-

(क) मन्त्री/राज्यमन्त्री,आन्तरिक मामिला तथा कानून मन्त्रालय -संयोजक

(ख) सचिव,आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(ग) सचिव,मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय -सदस्य

(घ) सचिव,आर्थिक मामिला तथा योजना मन्त्रालय-सदस्य

(ङ) सचिव,सामाजिक विकास मन्त्रालय -सदस्य

(च) प्रमुख वा निजले तोकेको अधिकृत, प्रदेश प्रहरी कार्यालय -सदस्य

(छ) महाशाखा प्रमुख,प्रशासन तथा योजना महाशाखा, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(ज) व्यवस्थापक, दुर्व्यसनमुक्त यूवा अभियान, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य सचिव

(२) निर्देशक समितिको बैठक आवश्यकतानुसार बस्नेछ र उक्त बैठकमा आवश्यकता अनुसार सम्बन्धीत विषयका विज्ञ तथा सरोकारवाला समेतलाई आमन्त्रण गर्न सकिनेछ।

(३) समितिको बैठक सम्बन्धि अन्य व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६. <u>निर्देशक समितिको काम, कर्तव्य र अधिकारः</u> निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) दुर्व्यसनमुक्त यूवा अभियान कार्यक्रम सम्बन्धी नीति निर्धारण गर्ने ।

(ख) अभियानसंग सम्बन्धीत योजना वा कार्यक्रमका प्रस्तावहरु आवश्यकता अनुसार स्वीकृत गर्ने,

(ग) अभियान अन्तरगत संचालित योजना वा कार्यक्रमहरुको अनुगमन मूल्यांकन गर्ने गराउने ।

(घ) अभियानको उद्देश्य प्राप्तिका लागि उपयुक्त नीति तथा कार्यक्रमहरु निर्धारण गर्ने गराउने ।

७. **कार्यकारी समिति**:(१) यस अभियानलाई संचालन गर्नको लागि निर्देशक समितिको निर्देशनमा काम गर्ने गरी देहाय बमोजिमकोकार्यकारी समिति रहनेछः-

(क) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय -संयोजक

(ख) महाशाखा प्रमुख, प्रशासन तथा योजना महाशाखा, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(ग) महाशाखा प्रमुख, कानून महाशाखा, आन्तरिक मामिला तथा कानून मन्त्रालय-सदस्य

(घ) प्रतिनिधी, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(ङ) प्रतिनिधी, सामाजिक विकास मन्त्रालय -सदस्य

(च) व्यवस्थापक, दुर्व्यसनमुक्त यूवा अभियान, आन्तरिक मामिला तथा कानून मन्त्रालय-सदस्य सचिव

(२) कार्यकारी समितिको बैठक आवश्यकतानुसार बस्नेछ र उक्त बैठकमा आवश्यकतानुसार सम्बन्धी विषयका विज्ञ तथा सरोकारवालाहरु समेतलाई आमन्त्रीत गर्न सकिनेछ।

(३) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

८. **कार्यकारी समितिको काम, कर्तव्य र अधिकार**:कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(१) निर्देशक समितिबाट भएका निर्णयहरु कार्यान्वयन गर्ने

(२) कार्यक्रमको अनुगमन, निरिक्षण तथा मूल्याङ्कन सम्बन्धी सम्पूर्ण काम गर्ने।

(३) अनुगमन निरिक्षण तथा मुल्याङ्कनबाट कार्यक्रम संचालनमा देखिएका कमि-कमजोरी सुधार गर्न निर्देशक समितिसमक्ष सिफारिस साथ प्रतिवेदन दिने।

(४) निर्देशक समितिले तोकेका अन्य कार्य गर्ने।

९. <u>जनशक्ति परिचालन</u>ः मन्त्रालयले अभियान संचालन गर्न आवश्यकता र औचित्य हेरी निर्देशक समितिको निर्णय बमोजिम तत्काल कम्तीमा प्रदेश स्तरीय संयोजक एक जना र जिल्ला स्तरमा काम गर्ने प्रति जिल्ला कम्तिमा एक जनाको दरले आठ जना सामाजिक परिचालकहरुलाई प्रचलित कानून बमोजिम करारमा लिई खटाउन सक्नेछ ।

१०. <u>संयोजक र सामाजिक परिचालकको योग्यताः</u> (१) संयोजकको योग्यता देहाय बमोजिम हुनेछः-

(क) पुरुषको हकमा बाईस वर्ष उमेर पूरा भई पैंतीस वर्ष ननाघेको र महिलाको हकमा बाईस वर्ष उमेर पूरा भई चालीस वर्ष ननाघेको ।

(ख) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातक तह उतिर्ण गरेको।

(ग) कुनै पनि फौजदारी कसुरमा सजाय नपाएको ।

(घ) प्रचलित कानून बमोजिम अयोग्य नभएको।

(ङ) नेपालको नागरिक ।

(च) कम्प्युटर सम्बन्धी आधारभुत ज्ञान भएको ।

(छ) नेपाली भाषा, स्थानीय भाषा र अंग्रेजी भाषाको ज्ञान भएको ।

(ज) सामाजिक संघसंस्थाहरुमा काम गरेको अनुभव तथा सम्बन्धीत विषयमा तालिम प्राप्त गरेको ।

(२) सामाजिक परिचालकको योग्यता देहाय बमोजिम हुनु पर्नेछः-

(क) पुरुषको हकमा अठार वर्ष पुरा भई पैंतिस वर्ष उमेर ननाघेको र महिलाको हकमा अठार वर्ष पूरा भई चालीस वर्ष उमेर ननाघेको ।

(ख) मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र वा सो सरह उतिर्ण गरेको ।

(ग) कुनै पनि फौजदारी कसुरमा सजाय नपाएको ।

(घ) प्रचलित कानून बमोजिम अयोग्य नभएको।

(ङ) नेपालको नागरिक

(च) कम्प्युटर सम्बन्धी आधारभुत ज्ञान भएको

(छ) नेपाली भाषा र स्थानीय भाषाको ज्ञान भएको ।

११. <u>संयोजक र सामाजिक परिचालकको छनौटका आधारः</u> संयोजक र सामाजिक परिचालकको छनौट देहायको आधारमा हुनेछः-

(क) शैक्षिक योग्यताको प्र्प्ताङ्कको आधार,

(ख) व्यक्तित्व परीक्षण र कार्य कुशलताको आधार,

(ग) तोकिएको भन्दा माथिलो शैक्षिक योग्यताको आधार,

(घ) सहिद परिवार र जनआन्दोलनबाट प्रभावित भई अपाङ्गता भएका व्यक्तिहरुलाई विशेष ग्राह्याताका आधारमा

(ङ) सामाजिक संघसंस्थाहरुमा काम गरेको अनुभव तथा सम्बन्धीत विषयमा तालिम प्राप्त गरेकालाई विषेश ग्राह्यताको आधार।

१२. <u>संयोजक र सामाजिक परिचालकहरुको सुविधा, काम, कर्तव्य र अधिकारः</u>संयोजक र सामाजिक परिचालकको काम, कर्तव्य, अधिकार तथा सेवा र सुविधा सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

१३. <u>अभियानको लोगोः</u> अभियानको लोगो अनुसुचिमा उल्लेख भए बमोजिम हुनेछ ।

१४. <u>बैठक भत्ताः</u>निर्देशक समिति तथा कार्यकारी समितिका पदाधिकारिहरुले समितिको बैठकमा भाग लिए वापत प्रचलित कानून बमोजिम बैठक भत्ता पाउनेछन् ।

१५. <u>अनुगमन मूल्यांकनः</u> मन्त्रालयले दुर्व्यसनमुक्त यूवा अभियान अन्तरगत सञ्चालित कार्यक्रमहरुको समय समयमा अनुगमन तथा मूल्याङ्कनगर्नेछ ।

१६. **कार्यविधि बनाउन सक्ने**:- मन्त्रालयले कार्यक्रम संचालन गर्ने निकाय वा संस्थाको छनौट र सम्झौता गर्ने सम्बन्धमा कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

१७. **बाधा अड्काउ फुकाउने**:-यो निर्देशिका कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा त्यस्तो बाधा अड्काउ फुकाउने अधिकार मन्त्रालयलाई हुनेछ ।

# अनुसुची

(दफा १३ सँग सम्बन्धित)

## अभियानको लोगो

स्विकृत मितिः-२०७७।०३।१६

आज्ञाले,
वीरेन्द्र कुमार यादव
प्रदेश सरकारको सचिव